# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्ममा विस्तृत मुद्राप्रदाय १५.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा उक्त मुद्राप्रदाय १६.३ प्रतिशतले विस्तार भएको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्ति उल्लेखनीय बढेको भए पनि खुद आन्तरिक सम्पत्तिको विस्तारमा कमी आएकोले विस्तृत मुद्राप्रदायको वृद्धि अघिल्लो वर्ष भन्दा कम दरले बढेको हो ।

२. अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा संकुचित मुद्राप्रदायको वृद्धिदर उच्च रहेको छ । अघिल्लो वर्ष संकुचित मुद्राप्रदाय १०.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १४.० प्रतिशतले बढेको छ । समीक्षा अवधिमा माग निक्षेपमा कमी आएपनि चलनचल्तीमा रहेको मुद्रा अघिल्लो वर्ष १४.६ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २५.० प्रतिशतले वृद्धि भएकोले संकुचित मुद्राप्रदायको विस्तार उच्च रहन गएको हो । समीक्षा अवधिमा माग निक्षेप ६.४ प्रतिशतले घटेको छ भने आवधिक निक्षेप १६.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा आवधिक निक्षेप १९.१ प्रतिशतले बढेको थियो ।

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू. ३८ अर्ब ७६ करोड (२२.६ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू १४ अर्ब २ करोड (१०.६ प्रतिशत) ले बढेको थियो । उत्साहजनक विप्रेषण आप्रवाहका अतिरिक्त सरकारको वैदेशिक सहयोग आप्रवाह पनि बढेकोले खुद वैदेशिक सम्पत्ति बढेको हो ।

### कुल आन्तरिक कर्जा

४. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्ममा आन्तरिक कर्जा ९.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष सो कर्जा १४.६ प्रतिशतले बढेको थियो । नेपाल सरकारको नेपाल राष्ट्र बैंक सँग उच्च नगद बचत कायम रहेकोले नेपाल सरकारमाथिको खुद दावी २५.० प्रतिशत अर्थात् रू २१ अर्ब ८० करोडले घटेको हुँदा आन्तरिक कर्जा अघिल्लो वर्ष भन्दा कम दरले बढेको हो । २०६५ चैत मसान्तसम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रू २७ अर्ब ९९ करोड नगद बचत कायम रहेको छ । उच्च साधन परिचालनको तुलनामा नेपाल सरकारको पूँजीगत खर्च न्यून रहेकोले नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग उच्च नगद बचत कायम रहन गएको हो ।

५. समीक्षा अवधिमा गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी ३३.३ प्रतिशत अर्थात् रू १ अर्ब ८८ करोडले बढेको छ । अघिल्लो वर्ष उक्त दावी १० प्रतिशत अर्थात रू ५१ करोडले घटेको थियो । समीक्षा अवधिमा जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल वायु सेवा निगम, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र नेपाल विद्युत प्राधिकरणले बैकिङ्ग क्षेत्रबाट थप कर्जा उपयोग गरेकोले ती संस्थाहरूमाथिको दावी बढेको हो ।

६. समीक्षा अवधिमा वित्तीय संस्थाहरूमाथिको दावी २८.९ प्रतिशत अर्थात् रू १ अर्ब ३६ करोडले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त संस्थाहरूमाथिको दावी रू ८ अर्ब ९९ करोडले बढेको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा वाणिज्य बैंकहरूको विकास बैंक तथा वित्त कम्पनीतर्फको अल्पकालीन लगानीमा कमी आएकाले उक्त दावी कम दरले बढ्न गएको हो ।

७. अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदर केही उच्च रहेको छ । अघिल्लो वर्षको पहिलो नौ महिनाको अवधिमा उक्त क्षेत्रतर्फको कर्जा १७.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा उक्त कर्जा १७.७ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा नेपाल सरकारले साना किसान तथा घरेलु उद्यमीहरूले सरकारी स्वामित्वका बैंकहरूबाट लिएको तीस हजारसम्मको कर्जा मिनाहा दिने निर्णय

गरेअनुरुप सम्बन्धित वाणिज्य बैंकहरूले उक्त कर्जालाई कर्जा शीर्षकबाट हटाएकोले निजी क्षेत्रतर्फको कर्जा वृद्धिदर अघिल्लो वर्ष भन्दा सामान्य मात्र उच्च रहेको हो ।

**वाणिज्य बैंकहरूको बचत परिचालन तथा कर्जा प्रवाहको स्थिति**

८. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनामा वाणिज्य बैंकहरूको निक्षेप परिचालन कुल रू ७१ अर्ब १० करोड (१६.९ प्रतिशत) ले बढी फागुन मसान्तमा रू ४९२ अर्ब ६३ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू ५५ अर्ब ३९ करोड (१६.६ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा बचत निक्षेप १६.६ प्रतिशत र मुद्दती निक्षेप २३.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त निक्षेपहरूको विस्तार क्रमशः १३.९ प्रतिशत र २४.४ प्रतिशत रहेको थियो ।

९. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट निजी क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदरमा कमी आएको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा १९.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १७.९ प्रतिशतले बढेको छ । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये उत्पादन, निर्माण, धातुजन्य उत्पादन, मेशिनरी तथा विद्युतीय उपकरण, यातायात, सञ्चार तथा सार्वजनिक सेवा, थोक तथा खुद्रा व्यापार र सेवा क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदरमा कमी आएकोले निजी क्षेत्रतर्फको कर्जा वृद्धिदरमा कमी आएको हो । अघिल्लो वर्षको यसै अवधिमा उत्पादन र निर्माण क्षेत्रतर्फको कर्जा १७.६ र ४३.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा क्रमशः १४.१ र २७.२ प्रतिशतले बढेको छ । त्यस्तै, समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापार र सेवा क्षेत्रतर्फको कर्जा १४.१ र ४.३ प्रतिशतले विस्तार भएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा क्रमशः १४.८ र १४.७ प्रतिशतले विस्तार भएको थियो । समीक्षा अवधिमा घर जग्गा कारोवारतर्फको कर्जाको वृद्धिदरमा पनि कमी आएको छ । तर,  उपभोग्य कर्जा भने ३३.३ प्रतिशत अर्थात् रू ३ अर्ब १५ करोडले बढेको छ ।

१०. वाणिज्य बैंकहरूको तरल कोष अघिल्लो वर्ष १२.३ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २१.५ प्रतिशतले बढेको छ । उच्च विप्रेषण आप्रवाहले गर्दा वाणिज्य बैंकहरूको विदेशमा रहेको मौज्दात वृद्धि भएकोले तरल कोषको विस्तार उच्च रहेको हो । तरल कोषका अंशहरूमध्ये नेपाल राष्ट्र बैंकसँग रहेको मौज्दात ६.९ प्रतिशतले बढेको छ ।। अघिल्लो वर्ष उक्त मौज्दात ३.४ प्रतिशतले बढेको थियो । त्यस्तैगरी, वाणिज्य बैंकहरूको विदेशमा रहेको मौज्दात ३२.६ प्रतिशतले बढी चैत मसान्तमा रू ५४ अर्ब ५१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मौज्दात ४.० प्रतिशतले बढेको थियो । वाणिज्य बैंकहरूको नेपाल सरकारको ऋणपत्रमा रहेको लगानी समेतलाई दृष्टिगत गर्दा समीक्षा अवधिमा तरल सम्पत्ति ९.६७ प्रतिशतले बढी २०६५ चैत मसान्तमा कुल रू १६५ अर्ब ७२ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सम्पत्ति ५.२८ प्रतिशतले बढेको थियो ।

**तरलता व्यवस्थापन**

११. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्ममा खुला बजार कारोवारमार्फत् रू ११ अर्ब ७२ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ । उक्त प्रशोचित तरलतामध्ये समीक्षा अवधिमा सोझै विक्री बोलकबोलबाट रू ७ अर्ब ४६ करोड र रिभर्स रिपो बोलकबोलबाट रू १३ अर्ब २६ करोड गरी कूल तरलता प्रशोचन रू २० अर्ब ७२ करोड रहेको छ । समीक्षा अवधिको माघ र फागुन महिनामा तरलतामा कमी आएकोले रिपो बोलकबोलमार्फत् रू ९ अर्बको तरलता प्रवाह भएको छ । समीक्षा अवधिमा विदेशी विनिमय कारोवारमार्फत् उच्च तरलता प्रवाह भए पनि नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग उच्च नगद बचत कायम रहेको र चलनचल्तीमा रहेको मुद्राको विस्तार पनि उच्च रहेकोले बैंकिङ्ग क्षेत्रको तरलतामा केही कमी आएको हुँदा रिपो बोलकबोलमार्फत् तरलता प्रवाह गरिएको हो । अघिल्लो वर्षको यसै अवधिमा सोझै बिक्री बोलकबोलबाट रू ४ अर्ब ४७ करोड र रिभर्स रिपो बोलकबोलबाट रू ६ अर्ब ५७ करोड गरी कुल रू ११ अर्ब ४ करोड तरलता प्रशोचन भएकोमा रिपो बोलकबोलबाट रू ९ अर्बको तरलता प्रवाह गरिएकोले खुद तरलता प्रशोचन रू २ अर्ब ४ करोडले भएको थियो ।

१२. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब ३९ करोड ९० लाख खुद खरीद गरी रू १०८ अर्ब ४ करोड बराबरको खुद तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको यसै अवधिमा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब ३ करोड खुद खरीद गरी रू ६५ अर्ब ९८ करोड बराबरको खुद तरलता प्रवाह गरेको थियो । उच्च विप्रेषण आप्रवाहका कारणले समीक्षा अवधिमा विदेशी विनिमय वजारबाट उच्च अमेरिकी डलर खरीद हुन गएको हो ।

१३. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ११ करोड बिक्री गरी भा.रू. ५३ अर्ब ४० करोड खरीद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर १ अर्ब ५ करोड बिक्री गरी भा.रू. ४१ अर्ब ८२ करोड खरीद भएको थियो । अघिल्लो वर्ष भन्दा समीक्षा अवधिमा नेपाल आयल निगमले भारतीय आयल निगमलाई केही उच्च भुक्तानी गरेकोले पनि भारतीय मुद्रा खरीद गर्न अमेरिकी डलरको बिक्री बढेको हो ।

**स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवार**

१४. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्ममा वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधाअन्तर्गत कुल रू ८६ अर्ब ६२ करोड उपयोग गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूले कुल रू ७६ अर्ब ३५ करोड बराबरको स्थायी तरलता सुविधा उपयोग गरेका थिए । त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोवार कुल रू २२० अर्ब ५१ करोड रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा कुल रू २०३ अर्ब ४० करोड अन्तर बैंक कारोवार भएको थियो । निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदरमा कमी आएपनि नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा लामो समयसम्म कायम रहेको उच्च नगद बचतले बैंकिङ्ग क्षेत्रको तरलतामा कमी ल्याएको हुँदा स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवारमा वृद्धि भएको हो ।

**अल्पकालीन व्याजदर**

१५. आर्थिक वर्ष २०६५/६६ को नौ महिनामा अल्पकालीन बजार व्याजदरहरू बढेका छन । चैत महिनामा ९१ दिने ट्रेजरी विल्सको मासिक भारित औसत व्याजदर ५.९८ प्रतिशत रह्यो । अघिल्लो वर्षको यसै महिनामा सो ऋणपत्रको मासिक भारित औसत व्याजदर ४.०७ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको चैत महिनामा भारित औसत मासिक अन्तर बैंक व्याजदर २.६९ प्रतिशत रहेकोमा २०६५ चैत महिनामा ५.०६ प्रतिशत रहेको छ ।

१६. समीक्षा अवधिमा अल्पकालीन बजार व्याजदरका अलावा निक्षेप तथा कर्जाको व्याजदरहरू पनि बढेका छन । तीन महिने मुद्दती निक्षेपको अधिकतम व्याजदर २०६५ फागुन मसान्तको तुलनामा २५ आधार विन्दुले वढी २०६५ चैत मसान्तमा ५.७५ प्रतिशतमा पुगेको छ । त्यस्तै, ६ महिने तथा एक वर्षे मुद्दती निक्षेपको अधिकतम व्याजदर पनि २०६५ फागुन मसान्तको तुलनामा ५० तथा २५ आधार विन्दुले बढी २०६५ चैत मसान्तमा क्रमशः ६.२५ र ७.५ प्रतिशत कायम हुन आएको छ भने दुई वर्षे तथा दुई वर्षभन्दा माथिको मुद्दती निक्षेपको व्याजदर पनि २०६५ फागुन मसान्तको तुलनामा २५ आधार विन्दुले वढी २०६५ चैत मसान्तमा ८.० प्रतिशतमा पुगेको छ ।

१७. समीक्षा अवधिमा कर्जाका व्याजदरहरूमध्ये औद्योगिक, कृषि तथा व्यापारिक कर्जाको दर पनि बढेको छ । औद्योगिक कर्जाको न्यूनतम तथा अधिकतम व्याजदर २०६५ फागुन मसान्तको तुलनामा १०० तथा ५० आधार विन्दुले बढी २०६५ चैत मसान्तमा क्रमशः न्यूततम ८.० र अधिकतम १३.५ प्रतिशतमा पुगेको छ । त्यसैगरी, कृषि तथा व्यापारिक कर्जाको अधिकतम व्याजदर २०६५ फागुन मसान्तको तुलनामा २०६५ चैत मसान्तमा १०० तथा ५० आधार विन्दुले बढी क्रमशः १३.० तथा १४.० प्रतिशतमा पुगेको छ ।

धितोपत्र बजार

१८. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क ११.४ प्रतिशतले घटेर २०६५ चैत्र मसान्तमा ६६१.२७ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६४ चैत्र मसान्तमा ७४६.६९ थियो । २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६५ चैत्र मसान्तमा १७६.१७ रहेको छ । यो सूचकाङ्क २०६४ चैत्र मसान्तमा १९०.०९ रहेको थियो ।

१९. नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवारलाई वजार मूल्यको आधारमानी गणना गरिएको Nepse Float Index २०६५ चैत्र मसान्तमा ६४.५८ रहेको छ ।

२०. २०६५ चैत्र मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ७४.७ प्रतिशतले वृद्धि भई रु.४२१ अर्ब १६ करोड पुगेको छ । सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगत झैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेको छ । जसअनुसार बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ७४ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको १.८ प्रतिशत, होटलहरुको १.१ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.३ प्रतिशत, जलविद्युत समूहको ४ प्रतिशत र अन्यको १८.७ प्रतिशत अंश रहेको छ ।

२१. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि १२२.४ प्रतिशत रही २०६५ चैत्र मसान्तमा रु.५४ अर्ब ६८ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । यस आर्थिक वर्षको चैत्र मसान्तसम्ममा रु. १ अर्ब ४१ करोड ७ लाख बराबरको बोनस शेयर, रु. ५ अर्व ३५ करोड ३८ लाख बराबरको हकप्रद शेयर, रु. १७ अर्व ८ करोड ७५ लाख बराबरको साधारण शेयर र रु. ३ अर्व ३० करोड बराबरको ऋणपत्र (Bond) गरी जम्मा रु. २७ अर्ब १५ करोड २० लाख बराबरको धितोपत्र सूचीकृत भएको छ ।

२२. २०६५ चैत्र मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसंगको अनुपात (Turnover Ratio ) ०.२८ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६४ चैत्र मसान्तमा ०.४५ प्रतिशत रहेको थियो ।

२३. २०६५ चैत्र मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १५७ वटा रहेको छ । २०६४ चैत्र मसान्तमा यो संख्या १४६ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १२६ वटा बैंक तथा वित्तीय संस्थाहरु (वीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

२४. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६४ चैत्र मसान्तमा १४९.६ रहेकोमा २०६५ चैत्र मसान्तमा १५१.७ रहेको छ ।

उपभोक्ता मुद्रास्फीति

२५. आर्थिक वर्ष २०६५।६६ को नवौं महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ११.९ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति ८.९ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १४.८ प्रतिशतले र गैरखाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ८.८ प्रतिशतले वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको भन्दा समीक्षा अवधिमा अधिक रहेको छ । अघिल्लो वर्ष यी समूहहरुको मूल्य सूचकांकको वृद्धि क्रमशः १२.६ प्रतिशत र ४.९ प्रतिशत रहेको थियो ।

२६. २०६५ चैत्रमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये चिनी तथा चिनीजन्य वस्तुको वार्षिक विन्दुगत मूल्य वृद्धि सबैभन्दा बढी ५०.५ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस उपसमूहको मूल्यमा ३.८ प्रतिशतले ह्रास आएको थियो । यसैगरी समीक्षा अवधिमा माछा, मासु तथा फुल, तरकारी तथा फलफूल र दलहनको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क क्रमशः २८.२ प्रतिशत, २१.३ प्रतिशत र २०.७ प्रतिशतले वृद्धि भएको छ । २०६४ चैत्रमा यी उपसमूहहरुको मूल्य सूचकाङ्क क्रमशः ८.८ प्रतिशत, ३.० प्रतिशत र १४.९ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी, २०६४ चैत्रमा १९.७ प्रतिशतले वृद्धि भएको खाद्यान्न उपसमूहको

मूल्य सूचकाङ्क समीक्षा अवधिमा ७.८ प्रतिशतले मात्र वृद्धि भएको छ । साथै, २०६४ चैत्रमा ३३.८ प्रतिशतले वृद्धि भएको तेल तथा घ्यूको मूल्य सूचकाङ्क समीक्षा अवधिमा १.६ प्रतिशतले ह्रास आएको छ ।

२७. २०६५ चैत्रमा गैर-खाद्य वस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये सुर्ती तथा सुर्तीजन्य वस्तुको वार्षिक विन्दुगत मूल्य वृद्धि १६.३ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो वृद्धि ८.३ प्रतिशत रहेको थियो । यसैगरी समीक्षा अवधिमा यातायात तथा सञ्चार उपसमूहको वार्षिक विन्दुगत मूल्यवृद्धि १३.५ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो वृद्धि १.१ प्रतिशत रहेको थियो ।

२८. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा काठमाडौंमा सबैभन्दा बढी १२.५ प्रतिशत मूल्य वृद्धि भएको छ भने पहाडमा ११.८ प्रतिशत र तराईमा ११.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ८.६ प्रतिशत, ८.५ प्रतिशत र ९.२ प्रतिशत रहेको थियो ।

२९. २०६५ चैत्रमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) १२.१ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ७.० प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

३०. राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर २०६४ चैत्रमा ९.४ प्रतिशत रहेकोमा २०६५ चैत्रमा १३.७ प्रतिशत रहेको छ । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु , स्वदेशी उत्पादित वस्तु र आयातीत वस्तुहरुको मूल्य क्रमश. १९.० प्रतिशत, ९.१ प्रतिशत र ८.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य क्रमशः १०.४ प्रतिशत, ८.५ प्रतिशत र ८.३ प्रतिशतले वृद्धि भएको थियो ।

३१. कृषिजन्य वस्तुहरुमध्ये नगदेवालीको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क समीक्षा अवधिमा सबैभन्दा बढी ३४.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त वृद्धिदर ६.० प्रतिशत थियो । यसैगरी, पशुजन्य उत्पादनको वार्षिक विन्दुगत मूल्यवृद्धि ३०.३ प्रतिशत र फलफूल तथा तरकारीको २६.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको वार्षिक मूल्यवृद्धि क्रमशः ७.१ प्रतिशत र ४.१ प्रतिशत रहेको थियो ।

३२. २०६५ चैत्रमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये पेय पदार्थ तथा सुर्तिसम्बन्धी वस्तुहरुको मूल्य १४.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धि ५.० प्रतिशत रहेको थियो । साथै आयातीत वस्तुहरुमध्ये २०६५ चैत्रमा कपडाको वार्षिक विन्दुगत मूल्य २०.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त वस्तुको मूल्य सूचकाङ्क ३.८ प्रतिशतले ह्रास भएको थियो । साथै समीक्षा अवधिमा यातायात तथा मेशिनरी वस्तुहरुको मूल्य १६.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि ९.५ प्रतिशत रहेको थियो ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३३. २०६५ चैत्र महिनामा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क २०.३ प्रतिशतले वृद्धि भएको छ । २०६४ चैत्रमा सो सूचकाङ्क ९.२ प्रतिशतले बढेको थियो । २०६५ असोजदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा वृद्धि भएकोले यस अवधिमा तलव तथा ज्यालादर सूचकाङ्कमा बढी चाप परेको हो । तलब तथा ज्यालदरमध्ये तलब उपसूचकाङ्क समीक्षा अवधिमा १६.८ प्रतिशतले वृद्धि भएको छ । यस्तो उपसूचकाङ्क अघिल्लो वर्षको यसै अवधिमा १०.९ प्रतिशतले बढेको थियो । ज्यालादर उपसूचकाङ्क समीक्षा अवधिमा २१.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क ८.७ प्रतिशतले बढेको थियो । २०६५ चैत्रमा ज्यालादरअन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २७.० प्रतिशत, १४.० प्रतिशत र १८.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो सूचकाङ्क क्रमशः ६.० प्रतिशत, १२.० प्रतिशत र ११.० प्रतिशतले वृद्धि भएको थियो ।

सरकारी वित्त स्थिति

सरकारी बजेट घाटा/ बचत स्थिति

३४. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु १२ अर्व ७२ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ५ अर्व २९ करोडले घाटामा रहेको थियो । सरकारी खर्चको तुलनामा साधन परिचालनको वृद्धि उल्लेख्य रुपमा बढी भएको कारण समीक्षा अवधिमा सरकारको बजेट बचतमा रहेको हो ।

३५. समीक्षा अवधिमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रु २७ अर्व ९९ करोडको उल्लेख्य नगद बचत कायम रहेको छ ।

सरकारी खर्च

३६. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १८.५ प्रतिशतले वृद्धि भई रु.१०७ अर्व ६ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सरकारी खर्च ३१.५ प्रतिशतले बढेको थियो । पूँजीगत खर्च तथा साँवा भुक्तानी खर्चको वृद्धिदरमा कमी आएको कारण समीक्षा अवधिमा कुल सरकारी खर्चको वृद्धिदरमा अघिल्लो वर्षको तुलनामा कमी आएको हो ।

३७. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च २२.० प्रतिशतले वृद्धि भई २०६५ चैत मसान्तमा रु. ७० अर्व ७५ करोड पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा चालू खर्च २१.४ प्रतिशतले बढेको थियो । सरकारी कर्मचारीहरुको तलव वृद्धि तथा गैरबजेटरी खर्चमा वृद्धि भएकोले समीक्षा अवधिमा चालू खर्च बढेको हो ।

३८. समीक्षा अवधिमा नेपाल सरकारको पूँजीगत खर्च २.५ प्रतिशतले घटी रु. १९ अर्व २२ करोडमा झरेको छ । अघिल्लो वर्ष पूँजीगत खर्चमा ६९.० प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०६५ । ६६ का लागि सरकारको नीति तथा कार्यक्रम आउनमा केही ढिलाई भएको, स्थानीय निकायमा जनप्रतिनिधिहरुको अभाव रहेको, नयाँ नेपाल निर्माण अभियानका लागि तोकिएका आयोजनाहरुका लागि अत्यावश्यक कार्यक्रम, निर्देशिका तयार हुन समय लागेको र ठेक्कापट्टालगायत खरीद प्रक्रियामा ढिलाई भएको साथै विद्युत आपूर्तिमा अनिश्चितता र द्वन्दका कारण पूँजीगत खर्चमा कमी आएको हो ।

सरकारी राजस्व

३९. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन ३९.३ प्रतिशतले वृद्धि भई रु.९८ अर्व ६७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा राजस्व २५.१ प्रतिशतले बढेको थियो । राजस्व चुहावटमा नियन्त्रण, राजस्व प्रशासनमा सुधारलगायत स्वयंकर घोषणा जस्ता कार्यक्रमहरुमा सरकारको दृढ प्रतिवद्धताका कारण समीक्षा अवधिमा उत्साहजनक दरले राजस्वको परिचालनमा वृद्धि भएको हो ।

४०. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व २३.२ प्रतिशतले वृद्धि भई रू. २७ अर्ब ३९ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सो वृद्धिदर २३.२ प्रतिशत नै रहेको थियो । विप्रेषण आयमा भएको वृद्धिसँगै बढ्दो आयात तथा उपभोगमा भएको वृद्धि र मूल्य अभिवृद्धि कर प्रशासनमा भएका सुधारहरुको कारण समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वमा वृद्धि भएको हो ।

४१. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्ममा नेपाल सरकारको भन्सार महसूलबाट प्राप्त हुने राजस्व २५.७ प्रतिशतले वृद्धि भई रू. १८ अर्ब ४५ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व २३.६ प्रतिशतले वृद्धि भएको थियो। भन्सार प्रशासनमा गरिएका सुधारहरु र उच्च भन्सार दर लाग्ने सवारी साधनहरू तथा पार्टपुर्जाको आयातमा भएको वृद्धिका कारण भन्सार राजस्वमा वृद्धि भएको हो।

४२. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व ४५.१ प्रतिशतले वृद्धि भई रू. १० अर्ब ५७ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व २३.० प्रतिशतले वृद्धि भएको थियो। अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु र नयाँ अन्तःशुल्क लाग्ने वस्तुहरुको पहिचानका कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो।

४३. समीक्षा अवधिमा सरकारको आयकर राजस्व ४९.६ प्रतिशतले वृद्धि भई रू.१९ अर्ब २१ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व ३३.८ प्रतिशतले मात्र वृद्धि भएको थियो। सरकारको प्रशासनिक एबं राजनैतिक प्रतिवद्धताका कारण स्वयंकर घोषणा कार्यक्रममार्फत उल्लेख्य रकम थप आयकर राजस्व प्राप्त भएकोले समीक्षा अवधिमा आयकर राजस्वमा विस्तार आएको हो ।

४४. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्ममा सरकारको गैरकर राजस्व ६८.७ प्रतिशतले वृद्धि भई रु. १७ अर्व ५८ करोड पुगेको छ । अघिल्लो वर्ष गैरकर राजस्व २०.० प्रतिशतले बढेको थियो । विभिन्न सरकारी संस्थानहरुबाट सरकारलाई ऋणको साँवा तथा व्याज र लाभांश भुक्तानी भएकोले समीक्षा अवधिमा गैरकर राजस्वको वृद्धिदर उच्च रहेको हो ।

**वैदेशिक नगद ऋण र अनुदान**

४५. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु २ अर्व ९८ करोड र वैदेशिक नगद अनुदानवापत् रु.१७ अर्व ६९ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष ती शीर्षकहरुमा क्रमशः रु.२ अर्व ७७ करोड र रु. ११ अर्व ६१ करोड प्राप्त भएको थियो ।

४६. समीक्षा अवधिमा नेपाल सरकारले रु ८ अर्व ७० करोड बराबरको आन्तरिक ऋण परिचालन गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा सरकारले रु १३ अर्व ३३ करोड आन्तरिक ऋण परिचालन गरेको थियो ।

**वैदेशिक व्यापार**

४७. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्ममा कुल निर्यात २१.० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात ३.९ प्रतिशतले घटेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात १०.६ प्रतिशतले बढेको छ भने अन्य मुलुकतर्फको निर्यात ४२.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष भारततर्फको निर्यात ८.३ प्रतिशतले घटेको थियो भने अन्य मुलुकतर्फको निर्यात ६.७ प्रतिशतले बढेको थियो ।

४८. भारततर्फ मुख्यतया तयारी पोशाक, जी.आई. पाइप, कपडा, टुथपेष्ट र खयर एवं अन्य मुलुकतर्फ विशेषगरी दाल, पश्मिना, ऊनी गलैंचा, हस्तकलाका सामान र नेपाली कागज तथा कागजबाट निर्मित सामानको निर्यातमा उल्लेख्य वृद्धि भएको कारण कुल निर्यात बढेको हो ।

४९. अघिल्लो वर्षको पहिलो नौ महिनासम्ममा १५.८ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा २५.१ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष २२.९ प्रतिशतले बढेकोमा यस वर्ष १२.६ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ५.० प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४७.३ प्रतिशतले वृद्धि भएको छ ।

५०. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्मा भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, अन्य मेशिनरी तथा पाटपुर्जा, सवारी साधन तथा पाटपुर्जा, कोल्ड रोल्ड शीट इन क्वाइल र औषधि एवं अन्य मुलुकबाट विशेषगरी सुन, एम.एस विलेट, विद्युतीय सामाग्री, अन्य मेशेनरी तथा पाटपुर्जा र कम्प्यूटर तथा पाटपुर्जाको आयातमा उल्लेख्य वृद्धि भएको छ ।

**शोधनान्तर**

५१. आर्थिक वर्ष २०६५/६६ को पहिलो नौ महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. ३८ अर्व ७६ करोडले बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रु. १४ अर्व २ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा चालू खाता पनि रु. ३४ अर्व ६२ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु. १ अर्व ४८ करोडले बचतमा रहेको थियो । खुद ट्रान्सफर आय ५०.९ प्रतिशतले बढेको कारण समीक्षा अवधिमा चालू खातामा उच्च बचत सृजना भएको हो । ट्रान्सफर अन्तर्गत समीक्षा अवधिमा विप्रेषण आप्रवाह ६०.३ प्रतिशतले वृद्धि भएको छ भने अनुदान ६२.२

प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २९.६ प्रतिशतले बढेको थियो भने अनुदान २०.३ प्रतिशतले घटेको थियो ।

**विदेशी विनिमय सञ्चिति**

५२. २०६५ चैत मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६५ असार मसान्तको तुलनामा २९.८ प्रतिशतले बढी रु. २७६ अर्व ५ करोड पुगेको छ । आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा यस्तो सञ्चिति १०.४ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा भने २०६५ असारदेखि चैत मसान्तसम्ममा कुल सञ्चिति ११.७ प्रतिशतले बढी अमेरिकी डलर ३ अर्व ४७ करोडमा पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा १२.१ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६५र६६ को पहिलो नौ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १२.४ महिनाको वस्तु आयात र १०.० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति**

५३. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६४ चैत मसान्तमा प्रति व्यारल अमेरिकी डलर १०९.८६ रहेकोमा २०६५ चैत मसान्तमा ५२.६ प्रतिशतले घटी प्रति व्यारल अमेरिकी डलर ५२.०८ रहेको छ । त्यसैगरी सुनको मूल्य २०६४ चैत मसान्तको तुलनामा २०६५ चैत मसान्तमा ४.३ प्रतिशतले घटी प्रति आउन्स अमेरिकी डलर ९२७.७५ बाट अमेरिकी डलर ८८७.५० मा झरेको छ ।

५४. २०६५ असार मसान्तको तुलनामा २०६५ चैत मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १४.० प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.५७ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६५ असार मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ६८.५० रहेको थियो भने २०६५ चैत मसान्तमा उक्त विनिमय दर रु. ७९.६५ पुगेको छ ।